मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : ८६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ माघ २८ गते बुधबार (Wednesday, 11 February. 2026) नेपाल सम्वत् ११४६ Web : www .purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## कस्तुरीको बिनासहित पूर्वसिपाही पक्राउ

**झापा, माघ २७।** कस्तुरी मृगको बिनासहित एक पूर्व सिपाहीसहित दुईजना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा नुवाकोटको बिदुर नगरपालिका-२का सरोज परियार र बैतडीको पाटन नगरपालिका-१का जीतेन्द्रबहादुर चन्द छन् ।

उपत्यका अपराध अनुसन्धान कार्यालयल टेकूको टोलीले मंगलबार उनीहरूलाई पक्राउ गरेको हो । परियार नेपाली सेनाका अवकाशप्राप्त सिपाही रहेको कार्यालयका एसएसपी सन्तोष खड्काले जानकारी दिए । उनका अनुसार, चन्द

(बाँकी अन्तिम पृष्ठमा)

## जेन-जी आन्दोलनमा साढे ८४ अर्बको भौतिक क्षति



**झापा, माघ २७।** भदौ २३ र २४ गतेको जेन-जी आन्दोलन तत्कालीन राजनीतिक असन्तुष्टिको अभिव्यक्ति मात्र रहेन, यसले राज्यको शासन प्रणाली, अर्थतन्त्र र सामाजिक संरचनामा गहिरो धक्का दिएको छ ।

अर्थ मन्त्रालयले सार्वजनिक गरेको चालूआर्थिक वर्षको बजेट अर्धवार्षिक मूल्यांकन प्रतिवेदनले आन्दोलनका प्रभावलाई संख्यामा मात्र होइन, दीर्घकालीन जोखिमका रूपमा चित्रण गरेको छ ।

सरकारी तथ्यांक अनुसार दुई दिनको आन्दोलनले सार्वजनिक र निजी क्षेत्रको गरी ८४ अर्ब ४५ करोड ७७ लाख रुपैयाँ बराबरको भौतिक सम्पत्ति नष्ट गऱ्यो । यो रकम नेपालको कूल गार्हस्थ्य उत्पादन (जीडीपी)को १.३८ प्रतिशत र चालू वर्षको कूल बजेटको ४.३० प्रतिशत बराबर हो । छोटो समयमै यति ठूलो क्षतिले अर्थतन्त्रको संवेदनशीलता र आन्तरिक स्थायित्व कति कमजोर छ भन्ने देखाएको छ ।

आन्दोलनको प्रत्यक्ष मार राजश्व संकलन र आयातमा परेको छ । प्रतिवेदनले राजश्व संकलनमा संकूचन आएको, आयात प्रक्रिया अवरुद्ध भएको र बैदेशिक लगानीको वातावरणमा नकारात्मक सन्देश गएको निष्कर्ष निकालेको छ । राजनीतिक अस्थिरता र हिंसात्मक गतिविधिले लगानीकर्ताको विश्वासमा पर्न सक्ने दीर्घकालीन असरलाई यसले सतहमा ल्याएको छ ।

मानवीय क्षति झन् गम्भीर छ । आन्दोलनका क्रममा ७३ पुरुष र ४ महिला गरी ७७ जनाको मृत्यु भयो भने २ हजार ४ सय २९ जना घाइते भए । आर्थिक क्षतिभन्दा बाहिर यस्ता मानवीय क्षतिले सामाजिक सम्बन्ध, नागरिक-राज्य विश्वास र लोकतान्त्रिक अभ्यासमै प्रश्न खडा गर्छ ।

कूल भौतिक क्षतिको ५३ प्रतिशत सार्वजनिक क्षेत्रले व्यहोर्नुपरेको छ । सार्वजनिक क्षतिमध्ये संघीय निकायको हिस्सा ६६ प्रतिशत र स्थानीय सरकारको २१.८ प्रतिशत छ । सरकारी भवन, सवारी साधन र नगद जिन्सीमाथि तोडफोड र लुटपाट हुनु राज्यको सम्पत्ति संरक्षण क्षमतामाथिको चुनौतिका रूपमा देखिन्छ ।

आन्दोलनले निजी क्षेत्र पनि अछुतो रहेन । ३३ अर्ब ५४ करोड ८७ लाख रुपैयाँ बराबरको निजी क्षतिमा निजी प्रतिष्ठानतर्फ २ अर्ब ७४ करोड र सर्वसाधारणको घर-परिवारतर्फ ६८ करोड ४० लाख रुपैयाँको नोक्सानी परेको छ । दलका कार्यालय तथा सामुदायिक संघ-संस्थाको ५९ करोड ७१ लाख बराबरको सम्पत्ति क्षति राजनीतिक गतिविधिको सामाजिक लागत कति महंगो पर्न सक्छ

(बाँकी अन्तिम पृष्ठमा)


## मत माग्दै उम्मेदवार, बाटो खोज्दै मतदाता

**इलाम, माघ २७।** निर्वाचन नजिकिँदै जाँदा इलामका गाउँ-बस्तीमा उम्मेदवारको चहलपहल बढेको छ । तर, चुनावी सरगर्मी जति उम्मेदवारमा देखिन्छ, त्यति मतदातामा छैन । घरदैलोमा पुगेका उम्मेदवारलाई स्वागतको फूलमाला त परै जाओस्, काम छोडेर कुरिदिने मतदाता भेटिन मुस्किल छ ।

कुनै समय उम्मेदवार आउँदा गाउँभरि चहलपहल हुन्थ्यो । आज भने उम्मेदवार स्वयम् मतदाताको ढोका ढकढक्याइरहेका छन् । मतदाताले भने उम्मेदवारका भाषणभन्दा बाटो, पुल र वर्षायाममा चल्ने सडक खोजिरहेका छन् ।

सरकारले फागुन २१ गते प्रतिनिधिसभा सदस्य निर्वाचन घोषणा गरेसँगै उम्मेदवारको दौडधुप बढेको छ । निर्वाचन आयोग, दल र उम्मेदवार सक्रिय छन् । तर, इलामेली मतदातामा चुनावी उत्साह खासै देखिँदैन । पुराना दल र नेताप्रतिको वितृष्णा बढेको छ भने नयाँ अनुहारप्रति पनि पूर्ण विश्वास जम्न सकेको छैन ।

वर्षौंदेखि जिताएर पठाइएका नेताले अपेक्षित विकास नगरेको गुनासो मतदाताको छ । अघिल्ला निर्वाचनमा गरिएका प्रतिबद्धता पूरा नहुनु नै आजको निराशाको मुख्य कारण बनेको उनीहरू बताउँछन् । बाचा धेरै सुन्ने भयौं, अब कागजमा लेखेर देखाउनुपर्छ- इलामका



नेपालटार-मंगलवारे सडक



दमक-रवि-चिसापानी सडक

एक मतदाता भन्छन् । तर, कुनै पनि दल वा उम्मेदवारले ठोस् लिखित प्रतिबद्धता सार्वजनिक गर्न सकेका छैनन् ।

दुई निर्वाचन क्षेत्र रहेको इलाममा राजनीतिक चित्र पनि फरक छ । क्षेत्र नम्बर १मा यसपटक प्रतिनिधिसभामा यसअघि नजितेका, अधिकांश नयाँ अनुहार देखिएका छन् । क्षेत्र नम्बर २मा भने जितेका, हारेका र नयाँ सबै अनुहार चुनावी मैदानमा छन् । जेन-जी पुस्ता नयाँ सोच र नयाँ पुस्ताको प्रतिनिधित्व खोजिरहेको छ भने पुराना पार्टी कार्यकर्ता भने आ-आफ्नै दलको पक्षमा उभिएका छन् ।

विकासको सवालमा इलाम क्षेत्र १ र २बीच तुलना हुने गरेको छ । तराईसँग जोडिने मेची राजमार्ग, पर्यटकीय चहलपहल र सडक पूर्वाधारका कारण क्षेत्र १ केही अघि देखिए पनि दुबै क्षेत्रमा सडक नै

(बाँकी अन्तिम पृष्ठमा)

## मिक्सर मेसिन सफा गर्दा...

**झापा, माघ २७।** झापामा करेन्ट लागेर मंगलवार विहान एक व्यक्तिको मृत्यु भएको छ ।

बिर्तामोड नगरपालिका-२ चारपाने दक्षिण लालमाटीमा रहेको ओमकार रेडिमेन्स कङ्क्रिट प्रालिमा काम गर्ने मजदुरको करेन्ट लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक खगेन्द्रबहादुर खड्काले जानकारी दिए । सोमवारराति करिव ११:३० बजे तिर मिक्सर मेसिन सफा गर्ने क्रममा शिवसताक्षी नगरपालिका-४ बस्ने २८ वर्षीय राजीव राजवंशीलाई करेन्ट लागेको थियो ।

प्रहरीका अनुसार मिक्सर मेसिन सफा गर्ने क्रममा मेसिनमा हिल्टी हान्दा अचानक करेन्ट सट भई गम्भीर घाइते भएका राजवंशीलाई उपचारका लागि बीएण्डसी अस्पताल बिर्तामोड लगिएको

(बाँकी अन्तिम पृष्ठमा)

## तामाकोशीमा बस खस्दा १२ यात्रुको मृत्यु

**झापा, माघ २७।** रामेछापको सदरमुकाम मन्थली नजिक बस दुर्घटना हुँदा मृत्यु भएकाको संख्या १२ पुगेको छ । मृतकको सनाखत हुन सकेको छैन ।

दुर्घटनामा बसका चालकसहित ८ जना घाइते भएको मन्थली अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. केशवसिंह धामीले जानकारी दिए ।

काठमाडौंबाट ओखलढुंगा जाँदै गरेको अरनिको यातायातको प्रदेश ०१-०१-००५



ख ९९७५ नम्बरको बस मन्थली नगरपालिका-६ मसानटारस्थित सडकबाट तामाकोशी नदीमा खसेको हो ।

प्रहरीका अनुसार नदीमा डुबेको बसबाट यात्रुको उद्धार गरी उपचारका लागि विभिन्न अस्पताल लगिएको छ । रामेछापका प्रहरी नायव उपरीक्षक भोला भट्टले घाइतेको खुर्कोटस्थित शुभ जीवन अस्पताल, मन्थली अस्पताल र तामाकोशी अस्पतालमा उपचार भइरहेको जानकारी दिए । बस चालकलाई भने प्रहरीले नियन्त्रणमा लिएको छ । बाँकी यात्रुको अझै खोजी जारी रहेको प्रहरीले जनाएको छ ।

## सुन व्यापारीको ६० लाख लुटपाटमा प्रहरी नै संलग्न

**झापा, माघ २७।** काठमाडौंमा व्यक्तिसँग सुन किन्न खोज्दा व्यापारी बिनोद लाम्गादेको ६० लाख रुपैयाँ लुटपाट भएको छ । लुटपाटमा प्रहरीको समेत संलग्नता खुलेको छ ।

माघ १४ गते लाम्गादेलाई बिलसहितको सुन सस्तोमा बेच्ने भन्दै एउटा समूहले कीर्तिपुरमा बोलाएको थियो । तर, पैसा लिएर सुन किन्न गएका उनलाई त्यो समूहले लुटपाट गरेर फरार भएको बताइएको छ ।

लुटपाटमा संलग्न व्यक्तिले आफू सीआईबीको प्रहरी रहेको बताएका थिए । तर, उनी सीआईबीमा नभए पनि प्रहरी भने रहेको खुलेको छ । काठमाडौं उपत्यका

(बाँकी अन्तिम पृष्ठमा)

## टाइब्रेकरमा पोखरालाई हराउँदै आर्मी सेमीमा



**बिर्तामोड, माघ २७।** चारपटकको विजेता त्रिभुवन आर्मी फुटबल क्लब झापाको बिर्तामोडस्थित डोमालाल राजवंशी रंगशालामा जारी सातौं एक्स्ट्रिम झापा गोल्डकपको सेमीफाइनलमा प्रवेश गरेको छ । खेल अवधिभर आर्मीले लालिगुराँस एशोसिएशन पोखराको दबाबको सामना गर्दै नतिजाका लागि टाइब्रेकरको सहारा लिनुपरेको थियो ।

टाइब्रेकरमा पोखरालाई ४-२ गोल अन्तरले पराजित गर्दै आर्मीले सेमीफाइनलको यात्रा तय गरेको हो । आर्मीका लागि नवीन लामा, विक्रम तामाङ, जर्जप्रिन्स कार्की र विकेश कुथूले गोल गरे । खेलको प्लेयर अफ द म्याच बिजेता टिम आर्मीका गोलकिपर विकेश कुथू घोषित भए । उनले नगद २५ हजार रुपैयाँ पुरस्कार पाए । बुधबारको खेल सशस्त्र प्रहरीको एपीएफ फुटबल क्लब र भुटानको रोयल थिम्पू कलेजबीच हुनेछ ।

प्रतियोगितामा टिकट काटेर खेल हेर्ने दर्शकमध्ये गोलाप्रथाबाट बिर्तामोडका देबी कार्कीले ३२ इञ्चको हिमस्टार एलइडी टीभी पाए । बिर्तामोडको महेन्द्ररत्न स्टोर्सले प्रत्येक दिन टिकट काटेर खेल हेर्ने दर्शकमध्येका एकजनालाई एक थान टेलिभिजन उपलब्ध गराउँदै आएको महेन्द्र रत्नस्टोरका सञ्चालक प्रशान्त भण्डारीले

(बाँकी अन्तिम पृष्ठमा)

## लोपोन्मुख रैथाने ज्ञान जोगाउने अभियान

**भोजपुर, माघ २७।** जनस्तरमा लोपोन्मुख बन्दै गएका परम्परागत (रैथाने) ज्ञान, सीप, परम्परा र संस्कृतिको संरक्षण, प्रवर्द्धन तथा पुस्तान्तरण गर्ने उद्देश्यले रामप्रसादराई गाउँपालिकामा 'रैथाने ज्ञान महोत्सव' सम्पन्न भएको छ ।

गाउँघरमा रहेका मौलिक ज्ञान र परम्परालाई संस्थागत गर्दै नयाँ पुस्तासम्म पुर्याउने लक्ष्यसहित पाँच दिनसम्म महोत्सव सञ्चालन गरिएको हो ।

सरोकारवालाहरूको सहकार्यमा आयोजना गरिएको महोत्सवमा रैथाने ज्ञान, संस्कृति, शिक्षा, पर्यटन र सामाजिक चेतनासँग सम्बन्धित विविध कार्यक्रम सञ्चालन गरिएका छन् । महोत्सवमार्फत स्थानीय पहिचानलाई बलियो बनाउने र समुदायभित्र रहेको ज्ञानलाई साझा गर्ने प्रयास गरिएको आयोजकहरूको भनाइ छ ।

रैथाने ज्ञान महोत्सवका अवसरमा किरात संस्कृतिसँग जोडिएको साकेला शिलीसम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको थियो । प्रशिक्षणमा स्थानीय युवा तथा सहभागीहरूले परम्परागत नृत्य, गीत र संस्कृतिको अभ्यास गरेका छन् । यसले युवा पुस्तामा आफ्नो मौलिक संस्कृतिप्रति चासो र गर्वको भावना विकास गर्न सहयोग पुगेको बताइएको छ ।



त्यसैगरी, 'पर्यटनमा रैथाने स्वाद र स्वामित्व' विषयमा पर्यटन क्षेत्रमा आबद्ध सचिन डाँगी, दिलकुमार राई र पावीहाङ राईबीच समूहगत बहस कार्यक्रम गरिएको छ । छलफलमा वक्ताहरूले रैथाने खानपान, स्थानीय उत्पादन र सांस्कृतिक सम्पदालाई पर्यटनसँग जोड्दै रोजगारी र आर्थिक अवसर सृजना गर्न सकिने धारणा व्यक्त गरे । स्थानीय समुदायको स्वामित्व र सहभागिताबिना पर्यटन दिगो नहुनेमा उनीहरूले जोड दिए ।

महोत्सव अन्तर्गत 'शिक्षामा स्वदेशी सपना' विषयमा गाउँपालिका अध्यक्ष थामबहादुर राई, सूर्य राई र रजत राईले समूहगत बहस गर्नुभएको छ । बहसमा स्थानीय आवश्यकताअनुसारको शिक्षा प्रणाली विकास, सीपमूलक शिक्षा र स्वदेशमै सम्भावना सृजना गर्ने विषयमा गहन विचार विमर्श गरिएको छ ।

त्यसैगरी, 'लोक रिझाइको राजनीति' विषयमा रिझन रानामगर, यजस्वी राई र प्रकाश राईबीच समूहगत बहस गरिएको छ । रैथाने मूल्य, मान्यता र संस्कृतिलाई नीति निर्माण तथा राजनीतिक अभ्याससँग कसरी जोड्न सकिन्छ भन्ने विषयमा केन्द्रित छलफल गरिएको कार्यक्रम संयोजक तायाजोङ मिडिया एन्ड प्रोडक्सन प्रालिका प्रमुख राजन राईले जानकारी दिए । उनका अनुसार विभिन्न क्षेत्रका विज्ञ, संस्कृतिकर्मी र स्थानीय अगुवाहरूलाई एउटै थलोमा भेला गरी रैथाने ज्ञानका विषयमा गहन छलफल गरिएको हो ।

गाउँपालिका अध्यक्ष थामबहादुर राईले रैथाने ज्ञान, सीप र संस्कृतिको संरक्षण गर्दै नयाँ

(बाँकी अन्तिम पृष्ठमा)


स्तन क्यान्सरका लक्षण

- स्तन वा काखीमुनि नदुख्ने गिर्खा वा गाँठो देखिनु,
- स्तनको छालामा निलो नहुने घाउ आउनु,
- स्तनको आकारमा परिवर्तन हुनु,
- स्तनको छाला सुन्तलाको बोक्राजस्तो खस्रो हुनु ।
- स्तनको मुन्टोभित्र जानु ।
- स्तनको मुन्टोबाट रगत वा पिप बग्नु,
- स्तन दुख्नु वा सुन्निनु,

यस्ता कुनै पनि लक्षण देखिए चिकित्सकसंग तुरुन्तै परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वरिष्ठ मुटु रोग विशेषज्ञ



DR. RAJESH KUMAR PANJIYAR
MBBS, MD INTERNAL MEDICINE,
DM CARDIOLOGY FAPSC (JAPAN)
NMC NO.: 8021
SENIOR CLINICAL & INTERVENTIONAL CARDIOLOGIST

CATH LAB Training (सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, बाँसबारी, काठमाडौं)

प्रत्येक महिनाको तेस्रो शनिबार विराटनगरबाट

उपचार हुने रोगहरू
- उच्च रक्तचाप(Blood Pressure),कोलेस्ट्रोल
- छाती दुख्ने, चक्कर आउने, थकान धेरै हुने
- राति सुत्दा वा हिड्दा साँस फेर्न गाह्रो हुने
- हात,खुट्टा सुन्निने, पसिना धेरै आउने, ढुकढुकी बढ्ने
- मुटुको कमजोरी (Heart Failure)
- हृदयघात (Heart Attack)
- पुरानो मुटु रोग सम्बन्धी समस्या
- ECG र मुटुको भिडियो एक्सरे (ECHO)सेवा
- मुटु सम्बन्धी अपरेसन गरेको तथा पेसमेकर राखेका बिरामीहरु का लागि नियमित परामर्श

आर. आर. पोलिक्लिनिक
अन्नपूर्ण चोक, भद्रपुररोड (भद्रपुर बस स्टेण्डसगै), बिर्तामोड-४,झापा
०२३-५९११७४, ९८२०४९११७४

# बालकल्याणको रजत महोत्सव



**अर्जुनधारा, माघ २७।** झापाको अर्जुनधारा नगरपालिका-६स्थित बालकल्याण आधारभूत विद्यालयको २५औं वार्षिकोत्सव (रजत महोत्सव) मंगलबार सम्पन्न भएको छ।

विद्यालय प्राङ्गणमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सुरेश प्रसाईंको अध्यक्षतामा आयोजित उक्त कार्यक्रमको प्रमुख अतिथि अर्जुनधारा नगरपालिकाका प्रमुख बलदेवसिंह गोम्देन तामाङले उद्घाटन गरेका थिए।

त्यसैगरी कार्यक्रममा विद्यालय प्राङ्गणमा निर्मित रजत महोत्सव स्तम्भको प्रमुख अतिथि तामाङले अनावरण गरेका थिए। उक्त स्तम्भ आमाबुबा पूर्णिमा-पञ्चबहादुर राईको स्मृतिमा छोराबुहारी स्थानीय धनकुमार-कौशिला राईले निर्माण गरेका हुन्।

त्यस्तै कार्यक्रममा जग्गादाताहरु नरप्रसाद-लक्ष्मी प्रसाईं, मैनादेवी प्रसाईं, सरस्वती प्रसाईं, राधा प्रधान अक्षयकोषदाताहरु जीवन राई, नेत्र बिमली, पुष्प भेटवाल र हीरादेवी श्रेष्ठ, सरस्वती मन्दिरका निर्माणकर्ता राधा-कुशल सुब्बा, चन्दादाता, संस्थापक सदस्य, पूर्व पदाधिकारी एवम् सदस्यहरुलगायत तीन सय जनालाई सम्मान-पत्रबाट सम्मानित गरिएको थियो।

कार्यक्रममा अर्जुनधारा-६का वडाध्यक्ष हरिशचन्द्र बाँस्तोला, अर्जुनधारा-७का वडाध्यक्ष गोविन्दप्रसाद खतिवडा, नगर कार्यपालिका सदस्यद्वय नरेन्द्रबहादुर राई र सन्तोष मेचे, नगर कार्यपालिका सदस्य एवम् सामाजिक विकास समितिका संयोजक कौशिलाल परियार, महारानीगञ्ज माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नन्दलाल खतिवडा, सल्लाहकार समितिका संयोजक लोकनाथ गौतमलगायतको आतिथ्य रहेको थियो।

प्रधानाध्यापक डम्बर यादवले विद्यालयको भावी रणनीतिसहितको वर्तमान गतिविधिहरु बारे जानकारी गराएको कार्यक्रममा शिक्षक एवम् विद्यार्थीहरुले गीत तथा नृत्य प्रस्तुत गरेका थिए। शिक्षक देउकुमारी थापाले स्वागत गरेको उक्त कार्यक्रमको सञ्चालन अर्का शिक्षक भेषराज अधिकारीले गरेका थिए। दुई दिनसम्म सञ्चालन भएको वार्षिकोत्सवको पहिलो दिन सोमबार विभिन्न प्रतियोगितामा उत्कृष्ट हुने बिद्यार्थीहरुलाई पुरस्कृत गरिएको शिक्षक सञ्जु शिवाकोटीले जानकारी दिइन्।

# ब्राउन सुगरसहित दुई युवा पक्राउ

**झापा, माघ २७।** झापाको हल्दिबारी गाउँपालिका-१ गोलधापस्थित सिंहबाहिनी टोलबाट लागूऔषधसहित दुई युवा पक्राउ परेका छन्।

सोमवार साँझ करिब ७ बजे प्रहरी चौकी गोलधापबाट खटिएको प्रहरी टोलीले समीर राई र सन्तोष नेपाल क्षेत्रीलाई नियन्त्रणमा लिएको हो। प्रहरी निरीक्षक सुमेश्चार चौधरीको कमाण्डमा खटिएको टोलीले राईको भान्सा कोठामा लागूऔषध ब्राउन सुगरजस्तो देखिने लिसाइलो पदार्थ प्रयोग गरिरहेको अवस्थामा उनीहरूलाई फेला पारेको जनाएको छ।

चेकजाँचका क्रममा उनीहरूको साथबाट २२ पुरिया लागूऔषध जस्तो देखिने पदार्थ, दुई थान मोबाइल फोन र नगद ११ हजार ९ सय ६५ रुपैयाँ बरामद गरिएको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक खगेन्द्रबहादुर खड्काले जानकारी दिए।

# बन्दुकसहित दुई जना पक्राउ

**विराटनगर, माघ २७।** मोरङको सुन्दरहरैंचा नगरपालिकाबाट सोमबारसाँझ प्रहरीले पेस्तोल र भरुवा बन्दुकसहित दुई जनालाई पक्राउ गरेको छ। २८ वर्षीय सिलास लिम्बू र २९ वर्षीय प्रेमबहादुर गुरुङलाई भरुवा बन्दुकसहित प्रहरीले पक्राउ गरेको हो।

लिम्बू सुन्दरहरैंचा-२ र गुरुङ सुन्दरहरैंचा-३का बासिन्दा रहेको प्रहरीले जनाएको छ। इलाका प्रहरी कार्यालय बेलबारीका इन्स्पेक्टर राजीव गिरीको नेतृत्वमा गएको टोलीले लिम्बूको घरमा छापा हानेको थियो। हतियार लुकाएर राखिएको विशेष सूचनाका आधारमा छापा मारेर उनलाई प्रहरीले नियन्त्रणमा लिएको हो। घर खानलतासी गर्दा मेड इन यूएसए लेखिएको पेस्तोल, एउटा भरुवा बन्दुक र दुई वटा हेण्डसेट फेला परेको मोरङ प्रहरीका सूचना अधिकारी डीएसपी हरिनन्दन चौधरीले जानकारी दिए।

सोधपुछका क्रममा लिम्बूले हतियार गुरुङबाट लिएको स्वीकार गरेका थिए। यसपछि प्रहरीले प्रेमबहादुर गुरुङलाई पनि पक्राउ गरी इलाका प्रहरी कार्यालय बेलबारीमा हिरासतमा राखेको छ।

## मिक्सर ...

थियो। उनको उपचारकै क्रममा मंगलवार बिहान मृत्यु भएको हो। राजवंशी सो उद्योगमा हेल्परका रूपमा कार्यरत रहेको बताइएको छ।

## मत ...

सबैभन्दा ठूलो समस्या बनेको छ।

नेपालटार-मंगलवारे सडक, राजदुवाली-माईखोला-भञ्ज्याङ खण्ड, दमक-रवि-चिसापानी सडक तथा मेची कोरिडोरअन्तर्गतका सडक बर्खायाममा अवरुद्ध हुँदा जनजीवन प्रभावित हुँदै आएको छ। देउमाई खोलाको दोभान, गजुरमुखी र पुवा खोलाका पुल बाढीले बगाएको वर्षौं बितिसक्दा पनि पुनर्निर्माण शुरु हुन सकेको छैन।

कतिपय गाउँमा स्थानीयले आफ्नै लगानीमा घर-घर बाटो पुऱ्याएका छन्। तर, मुख्य सडक नै वर्षायाममा चल्न नसक्ने भएपछि त्यो प्रयास पनि अपूरो जस्तै बनेको छ। ठूला योजना होइन, यिनै बाटो पक्की भए पुग्छ- नेपालटार-मंगलवारे सडकको आवाज उठाउँदै आएका खगेन्द्र सुवेदी भन्छन्।

सुम्बेक-सुलुबुङ सडकको हालत पनि उस्तै छ। चार वर्षअघि शुरु भएको पक्कीकरण राजनीतिक तानातानमै रोकिएको छ। यो सडक बनाउन आँट गर्ने उम्मेदवारलाई मात्रै भोट दिन्छौं- सुम्बेकका चेतन खतिवडाको भनाइमा इलामेली मतदाताको मनोदशा झल्किन्छ।

इलाममा आज उम्मेदवार मत मागिरहेका छन्। तर, मतदाता भने बाटो खोजिरहेका छन्। भाषण र आश्वासनभन्दा माथि उठेर ठोस् काम गर्ने नेतृत्व चाहिएको उनीहरूको स्पष्ट सन्देश छ। अब इलामको मत कसले पाउँछ भन्ने प्रश्नको उत्तर उम्मेदवारको नारामा होइन, सडकमा देखिने प्रतिबद्धतामा निर्भर रहन्छ।

## कस्तुरीको ...

यसअघि बैंकिङ कसुर मुद्दा र ०७५मा डाँकाचोरी कसुरमा मुद्दा चलिसकेका व्यक्ति हुन्।

## टाइब्रेकरमा ...

जानकारी दिए।

त्यस्तै, पहिलो दिनदेखि फाइनल खेलसम्म टिकट लिएर एकजना दर्शकलाई यामाहाको स्कुटर प्रदान गरिने आयोजकले जनाएको छ। प्रतियोगिताको बिजेताले नगद १५ लाख र उपबिजेताले ७ लाख ५० हजार रुपैयाँ पुरस्कार पाउनेछ। प्रतियोगिताको उत्कृष्ट खेलाडीले यामाहा कम्पनीको एउटा मोटरसाइकल प्राप्त गर्ने आयोजकले जनाएको छ। बिधागततर्फ उत्कृष्ट कोच, हाई स्कोरर र उत्कृष्ट गोलकिपरले जनही ३५ हजार रुपैयाँ पुरस्कार पाउने छन्।

## लोपोन्मुख ...

पुस्तासम्म पुर्याउने उद्देश्यले विगत तीन वर्षदेखि गाउँपालिकाले निरन्तर रूपमा रैथाने ज्ञान महोत्सव आयोजना गर्दै आएको बताए। विशेषगरी गाउँघरमा रहेका मौलिक संस्कृति, परम्परा र सीपलाई जगेर्ना गर्दै तिनलाई दिगो बनाउने लक्ष्यका साथ कार्यक्रमलाई निरन्तरता दिइएको उनको भनाइ छ।

रैथाने ज्ञानको संरक्षण गरेर संस्कृति तथा परम्परालाई नयाँ पुस्तासम्म पुऱ्याउने उद्देश्यले हामीले निरन्तर कार्यक्रम गर्दै आएका छौं- अध्यक्ष राईले भने- विभिन्न विषयका विज्ञलाई भेला गरी उहाँहरूको धारणालाई सार्वजनिक गर्दै ज्ञान हस्तान्तरणको माध्यममा जोड्ने प्रयास गरेका छौं। उनका अनुसार रैथाने ज्ञान महोत्सवले स्थानीय पहिचानको संरक्षणमात्र नभई सामाजिक एकता, सामुदायिक सहभागिता र स्थानीय विकासमा पनि सकारात्मक योगदान पुऱ्याएको छ। आगामी दिनमा महोत्सवलाई अझ व्यवस्थित र प्रभावकारी बनाउँदै लैजाने योजना रहेको गाउँपालिकाले जनाएको छ।

## सुन ...

अपराध अनुसन्धान कार्यालयले लुटपाटमा संलग्न रहेको आरोपमा त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलमा कार्यरत हवल्दार ३८ वर्षका कर्णबहादुर सुनार पनि पक्राउ गरेको हो। नवलपरासीको कावासोती-१३ स्थायी घर भएका सुनार प्रहरी हुन्। प्रहरीले यसअघि नै माघ १८ गते भक्तपुरको कटुञ्जेबाट एक लाख ९ हजार रुपैयाँसहित उनलाई पक्राउ गरेको थियो।

यस्तै, लुटपाटमा जाँदा प्रयोग गरेको अपाचे मोटरसाइकल, मोबाइल लगायतका प्रमाणसहित रसुवा नौकुण्ड गाउँपालिका-३ घर भई हाल काठमाडौं तारकेश्वर-५ लोलाङ बस्ने ३२ वर्षका बिक्रम तामाङ र नुवाकोटको ककनी-७ घर भई लोलाङमै बस्ने २८ वर्षका जीवन तामाङ पक्राउ परेका थिए। जीवन तामाङलाई माछापोखरीबाट पक्राउ गर्दा उनको साथबाट प्रहरीले लुटपाटमा प्रयोग भएको २२० सीसीको पल्सर मोटरसाइकल र चार लाख ३३ हजार रुपैयाँ बरामद गरेको अनुसन्धान कार्यालयका प्रवक्ता एसपी रामेश्वर कार्कीले जानकारी दिए।

उनीहरूको बयानका आधारमा प्रहरी हवल्दार सुनार पनि पक्राउ परेका हुन्। उनीहरूलाई डाँका चोरी सम्बन्धी कसुरमा अनुसन्धान तथा कारबाहीको लागि प्रहरी वृत्त कालीमाटी पठाइएको एसपी कार्कीले बताए।

## जेन-जी ...

भन्ने संकेत हो।

आन्दोलनले आर्थिक गतिविधि ठप्प हुँदा वस्तु तथा सेवा उत्पादनमा १३ अर्ब ८७ करोड ५६ लाख रुपैयाँको क्षति भयो। यससँगै २ हजार ३ सय ५३ जनाले पूर्णरूपमा रोजगारी गुमाउनुपऱ्यो। बेरोजगारी र उत्पादन घाटा सँगसँगै बढ्दा यसको असर दीर्घकालीन आर्थिक पुनरुत्थानमा पर्न सक्छ।

राष्ट्रिय योजना आयोगको मूल्यांकन अनुसार क्षतिग्रस्त संरचना पुनर्निर्माण गर्न मात्रै ३६ अर्ब ३० करोड २१ लाख रुपैयाँ आवश्यक पर्ने अनुमान छ। तर पुनर्निर्माण खर्चले मात्र आन्दोलनको वास्तविक मूल्य मापन गर्दैन। गुमेको विश्वास, अवरुद्ध विकास र कमजोर बनेको लगानी वातावरणको क्षतिपूर्ति तत्काल सम्भव देखिँदैन।

## बिमालेख हरायो

मिति २०८२-०९-२२ गतेका दिन बेलवारीबाट दमक जाने क्रममा मेरो लाइफ इन्स्योरेन्स कर्पोरेशन लिमिटेड नेपाल (एलआईसी) को निम्न व्यहोरा भएको विमा पोलेसी हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय तथा तल उल्लेखित ठेगानामा बुझाइदिनु हुन बिनम्र अनुरोध गर्दछु।

विमितको नाम: सन्जित धिमाल
पोलिसी नं. २०००२६३०७
ठेगाना: बेलबारी-१, मोरङ

## बिमालेख हरायो

मिति २०८२-०९-२३ गतेका दिन बेलवारीबाट दमक जाने क्रममा मेरो लाइफ इन्स्योरेन्स कर्पोरेशन लिमिटेड नेपाल (एलआईसी) को निम्न व्यहोरा भएको विमा पोलेसी हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय तथा तल उल्लेखित ठेगानामा बुझाइदिनु हुन बिनम्र अनुरोध गर्दछु।

विमितको नाम: अन्जु धिमाल
पोलिसी नं. २०००३२१६८
ठेगाना: बेलबारी-१, मोरङ

## बिमालेख हरायो

मिति २०८२-०९-२४ गतेका दिन बेलवारीबाट दमक जाने क्रममा मेरो लाइफ इन्स्योरेन्स कर्पोरेशन लिमिटेड नेपाल (एलआईसी) को निम्न व्यहोरा भएको विमा पोलेसी हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय तथा तल उल्लेखित ठेगानामा बुझाइदिनु हुन बिनम्र अनुरोध गर्दछु।

विमितको नाम: बुद्धमाया लिङ्ज्याङ
पोलिसी नं. २०००२९७७३
ठेगाना: बेलबारी-१, मोरङ

## बिमालेख हरायो

मिति २०८२-०९-२५ गतेका दिन बेलवारीबाट दमक जाने क्रममा मेरो लाइफ इन्स्योरेन्स कर्पोरेशन लिमिटेड नेपाल (एलआईसी) को निम्न व्यहोरा भएको विमा पोलेसी हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय तथा तल उल्लेखित ठेगानामा बुझाइदिनु हुन बिनम्र अनुरोध गर्दछु।

विमितको नाम: मनकुमारी धिमाल
पोलिसी नं. २०००३१५१२
ठेगाना: बेलबारी-१, मोरङ


## बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा

वरिष्ठ रेडियोलोजिष्ट **डा. संजयकुमार गुप्ता**द्वारा
**निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा**
प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा

हाम्रा सेवाहरु
- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६


## कर्मचारी आवश्यकता

यस अन्नपूर्ण बचत तथा ऋण सहकारी संस्थाको मुख्य कार्यालय बिर्तामोड -०५, झापाका लागि निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला।

**पदः रिसेप्सन (Member Service)........ २ (महिला)**
**(बिर्तामोड र खुदुनाबारी शाखा)**
योग्यता : स्नातक तह उत्तीर्ण वा अध्ययनरत्, वित्तीय क्षेत्रमा कम्तीमा १ बर्षको अनुभव साथै कम्प्युटरमा दक्षलाई पहिलो प्राथमिकता
तलब : १४५००+ अन्य सुबिधा
आवेदन शुल्क : २५०

**पदः कार्यालय सहायक .............. १ जना महिला/पुरुष (बिर्तामोड)**
योग्यताः स्नातक तह उत्तीर्ण वा अध्ययनरत्, मोटरसाइकल वा स्कूटर चलाउन सक्ने, वित्तीय छेत्रमा कम्तीमा १ बर्षको अनुभव साथै कम्प्युटरमा दक्षलाई पहिलो प्राथमिकता
तलब : १३,५००/- + अन्य सुविधा
आवेदन शुल्क : २००
आवेदन भर्ने अन्तिम मिति : २०८२-११-१० गते सम्म
अन्य जानकारीको लागि निम्न ठेगानामा सम्पर्क गर्नुहोला।
सम्पर्क : ०२३-५३३७२०, ९८०२३१३३३७, ९८०२३१३३३६
Drop your CV: इमेलः apsavingco@gmail.com
फेसबुक पेज : Annapurna saving & credit co–operative ltd, Birtamode-5, jhapa
नोटः फारम पाउने स्थानः संस्थाको कार्यालय, बिर्तामोड-५, झापा/शाखाः अर्जुनधारा-०३, खुदुनाबारी

**अन्नपूर्ण बचत तथा ऋण सहकारी संस्था लि., बिर्तामोड, झापा**


BIRTAMODE EYE HOSPITAL

अब नाक, कान, घाँटी तथा दन्त उपचारसहित
उच्च गुणस्तरिय, सुलभ र भरपर्दो आँखा उपचार सेवामा समर्पित

CONTACT :
Birtamode Eye Hospital
CHARPANE, JHAPA, MECHI, NEPAL
PHONE NO: 023-530476 / Email: mnec.beh@gmail.com I
Web: birtamodeeyehospital.org


## होटल द किङ्सबरी आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन(EIA) प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/१०/२८**

कोशी प्रदेश, झापा जिल्ला, बिर्तामोड नगरपालिकामा होटल द किङ्सबरी प्रा.लि.द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | **प्रस्तावकको नाम :** होटल द किङ्सबरी प्रा.लि.<br>ठेगानाः बिर्तामोड नगरपालिका वडा नं. ३, भगवान चोक, झापा जिल्ला, कोशी प्रदेश<br>फोन नंः ९८६०३३७७३७ इमेलः infohotelthekingsbury.com |
| प्रस्तावको व्यहोरा | **प्रस्तावको नाम :** होटल द किङ्सबरी<br>**मुख्य विशेषता :** |

| | |
|---|---|
| आयोजना रहेको जग्गाको कुल क्षेत्रफल | १०,७१२.३८ वर्ग मि. |
| Built up area | हाल सञ्चालनमा रहेको :<br>१ वटा भवन : ५,७४१.३ वर्ग मि.<br>Spa Block : २८८.७८ वर्ग मि.<br>Pool bar Block : १,६३४.४ वर्ग मि.<br>Casino Block : ६९८.८३ वर्ग मि.<br>**थप निर्माण गरिने :**<br>१ भवन : ८,२२८.६४ वर्ग मि.<br>ब्याङ्केट हल : १,६३८.१४ |
| Total Built up area | कुलः १८, २३०.०६९ वर्ग मि. |
| कित्ता नं. | २४९३,१४७९,१४७८,१९७३,१९७४,११३६, ११३५,२०७ २७७, २०२३, ३९२, ५६३,२५ |
| आयोजनाको उद्देश्य | होटलको थप निर्माण तथा सञ्चालन |
| जम्मा कोठा तथा बेड संख्या | हाल सञ्चालनमा रहेको :८२ कोठामा १०० बेड<br>थप निर्माण गरिने : ७० कोठामा ८३ बेड<br>कुल : १५२ कोठामा १८३ बेड |
| जम्मा बेड संख्या | १८३ बेड |
| जम्मा भवन | हाल सञ्चालनमा रहेको (१ वटा भवन)<br>थप निर्माण हुने (१ वटा भवन र ब्याङ्केट हल) |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा. | झापा जिल्ला, बिर्तामोड नगरपालिका वडा नं. ३ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक, जैविक, सामाजिक, सांस्कृतिक र आर्थिक प्रणालीबिच के-कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगनामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि प्रत्राचार गर्ने ठेगाना :**

| **प्रस्तावकको नाम ठेगाना** | **सम्बन्धित नगरपालिका :** | **परामर्शदताको नाम ठेगाना :** |
|---|---|---|
| होटल द किङ्सबरी प्रा.लि.<br>बिर्तामोड न.पा.वडा नं. ३, भगवान चोक, झापा जिल्ला, कोशी प्रदेश<br>फोन नं. : ९८६०३३७७३७<br>इमेलः*infohotelthekingsbury.com* | बिर्तामोड नगरपालिका, झापा जिल्ला, कोशी प्रदेश<br>फोन नं. : ०२३-५९७००७<br>इमेलः<br>*info@birtamodmun.gov.np* | जूनिपर इन्भाईरोमेण्टल एण्ड रिसर्च कन्सल्टेन्ट प्रा.लि. काठमाडौं<br>इमेलः *info.jerc@gmail.com*<br>फोन नं. : ०१-५९१४३४५ |

## अर्जुनधारा नगरपालिका
**शनिश्चरे अस्पताल**
**अर्जुनधारा न.पा.९, झापा**
**कोशी प्रदेश नेपाल**

## बोलपत्र आव्हान सम्बन्धी सूचना

सूचना नं. SH/NCB/GOODS/०६-०८२/८३ प्रथमपटक प्रकाशित मितिः- २०८२/१०/२८

अर्जुनधारा नगरपालिकाबाट सञ्चालित शनिश्चरे अस्पताल फार्मेसीमा आ.व २०८२/०८३ को लागि आवश्यक पर्ने तपशिल बमोजिमको Therapeutic Class मा वर्गीकरण गरिए अनुसारका औषधिजन्य सामग्रीहरु प्रति ईकाइ दर विधिबाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त कम्पनी, फर्म तथा आधिकारिक विक्रेताहरुले तपशिलका खरिद कार्यको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाईट www.bolpatra.gov.np/egp बाट बोलपत्र डाउनलोड गरी तपशिलको राजश्व खातामा जम्मा गरेको बोलपत्र दस्तुरको भौचर (पछि फिर्ता नहुने) Scan गरी बोलपत्रका साथ मिति- २०८२/११/२९ गते दिनको १२: ०० बजे भित्रमा अनलाइन पेश (Upload) गर्नुहुन अनुरोध छ।

**तपशिल**

**Details of the Bid :**

| S N. | Contract Id No. | Description of Project | Bidding Procedures | Cost of Bid Document | Bid Security Amount | Bid Security Validity Period up to | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1. | SH/NCB/GOODS/06-082/83 | Supply of Medicine | NCB | 5000 | 6,79,000.00 | 120 DAYS | |

**Bid Schedule & Bank Account Details:**

**Bank Account Details**

| For Purchase of Bid Document | For Bid Security |
|---|---|
| Name of the Bank: Nepal Bank Limited<br>Account Name: SanischareAspatal<br>Office Account no.: 08800100431702000001 | Name of the Bank:. Nepal Bank Limited<br>Account Name:SanischareAspatal<br>Office Account no.: 08800100431702000001 |






श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

### चर्चाको शिखरमा झापा

**प्रतिनिधिसभा सदस्यको निर्वाचन आउन अब केही दिनमात्र बाँकी छ । यही निर्वाचनबाट देशले कार्यकारी र जनअनुमोदित प्रधानमन्त्री भएकाले सबै सचेत नागरिकको ध्यान यही निर्वाचनले खिचेको छ । देशका कूल एक सय पैसठ्ठी निर्वाचन क्षेत्रमा एकै दिन अर्थात् फागुन २१ गते हुने निर्वाचनका उम्मेदवारहरु आफ्नो–आफ्नो ढंगले मतदातालाई आफूतर्फ आकर्षित गर्न लागेका छन् । ती मध्ये झापाको निर्वाचनको छुट्टै चर्चा, बहस र रौनक दिनहुँ बढ्दै गएको छ । प्रधानमन्त्री दाबी गरेका दुई जना यही जिल्लाबाट अझ एउटै निर्वाचन क्षेत्रबाट उम्मेदवार भएका कारण क्षेत्र नं. ५ को चर्चा र रौनक सुन्न र हेर्न लायक बन्दै गएको छ ।**

**आफूलाई प्रधानमन्त्रीको दावेदार बनाएको रास्वपाका उम्मेदवार बालेन्द्र शाहको उम्मेदवारीले प्रतिष्पर्धी रहेको एमाले वृत्तमा तरंग पैदा गरेको छ र जसरी पनि बिरासत जोगाउनुपर्ने दवाब छ । तर, जेन–जी बिद्रोहपछिको युवा वर्गको चेतना र अग्रसरताले निरन्तर विजय प्राप्त गर्दै आएको उक्त क्षेत्र जिल्लामा मात्र होइन देशमै चासो र चर्चाको विषय बनिएको छ । यद्यपि उनीहरु बाहेकका पुराना र नयाँ दलका उम्मेदवार पनि विजयको लक्ष्यका साथ मतदातासँग भेटघाट गरिरहेका छन् । त्यसबाहेकको दोस्रो चर्चाको क्षेत्र झापा २ पनि चासोको क्षेत्र भएको छ । एउटै कार्यकालमा प्रतिनिधिसभाको सभामुख र उपसभामुख देवराज घिमिरे र इन्दिरा राना मगरको उम्मेदवारीले पनि देशकै ध्यान तानेको छ । यी दुबै हस्ती अर्थात् प्रधानमन्त्री भइसकेका ओली र सभामुख घिमिरेसँग प्रतिष्पर्धा गर्ने दुबै पात्र अर्थात् बालेन र इन्दिरा अन्तर्राष्ट्रिय जगतमा समेत सम्मानित व्यक्तित्व हुन् ।**

**यसपटकको निर्वाचनको रमाइलो पक्ष भनेको आफ्नै बलमा प्रतिष्पर्धा गर्नु हो । विगतमा कहिले तालमेल र कहिले गठबन्धन गरेर पनि स्थिर सरकार सञ्चालन गर्न नसकेका दलहरु जेन–जी बिद्रोहपछि झनै कमजोर देखिएका छन् । यद्यपि गठबन्धन प्रति असन्तुष्ट दलका कार्यकर्ताहरुले यसपटक स्वतन्त्र ढंगले मतदान गर्ने अवसर प्राप्त भएको छ । अनि पनि नयाँ पात्र र दल प्रतिको बढ्दो अनुराग र आकर्षणले पुराना दलहरुलाई निर्वाचनका प्रतिष्पर्धा फलामको च्यूरा बन्ने देखिन्छ । यस्तोमा दलहरुले आफ्नो विजय सुनिश्चित गर्न आत्मसमीक्षासहित आत्मआलोचना गर्नैपर्छ । त्यसबाहेक कांग्रेस, राप्रपा लगायत नयाँ दलका प्रतिष्पर्धी पनि आत्मविश्वासका साथ मैदानमा छन् । विजय उसैको हुन्छ जसले संयम्, सहिष्णु, हार्दिक भएर मतदाताको मन पनि जित्छ ।**

# युवा निर्णायक भएको निर्वाचन



शीतलप्रसाद महतो



कुनै पनि मुलुकको युवाशक्ति त्यहाँको दिगो आर्थिक विकास र समृद्धिका लागि मेरुदण्ड मानिन्छ। युवा भन्ने बित्तिकै विद्यमान चुनौतीलाई सहजै बहन गर्न सक्ने आँट, जोस, जाँगर, साहस, क्षमता, धैर्यता, सिर्जनशीलता र उच्च आत्मविश्वासका साथ जिम्मेवार भएर मुलुक निर्माणका लागि योगदान दिइरहेको जनशक्तिको छवि आउँछ। जल्दोबल्दो ऊर्जा, सौर्य र शक्तिको प्रतीकका रुपमा रहेका युवा शक्तिसँग समाज र मुलुकको रूपान्तरण गर्न सक्ने क्षमता हुन्छ। तर, नेपालका युवा शक्ति राजनीतिक अस्थिरता, रोजगारीका क्षेत्रहरुको सीमितता तथा गुणस्तरीय, सीपमूलक र आत्मनिर्भरमुखी शिक्षाका कमिका कारण अति पीडित छन्। फलस्वरुप समसामयिक राजनीति गहिरो पुनःसंरचनाको चरणमा प्रवेश गरिरहेको सङ्केत पछिल्ला महिनाहरूमा स्पष्ट देखिन्छ। सडक आन्दोलन, सामाजिक सञ्जालमा व्यापक बहस र राज्यप्रतिको खुला असन्तुष्टिले वर्तमान राजनीतिक संरचना माथि गम्भीर प्रश्न उठेका छन्। विगत चार दशकदेखिको चरम दुःख र यो मुलुकको दिशाहीनतालाई चिर्न जेन-जीले गरेको विद्रोहलाई अहिले चुनाव मार्फत सम्बोधन गर्न खोजिँदैछ। आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा युवापुस्ताको भूमिका राजनीतिक बहसको केन्द्रमा छ।

मुलुकको राजनीतिक दलका लागि सबैभन्दा ठूलो चुनौती नै युवालाई विश्वस्त पार्नु हो। विगतका निर्वाचनमा युवाको सहभागिता अपेक्षाकृत कम रहेको तथ्य स्मरणीय छ। 'सबै दल उस्तै' भन्ने निराशाजन्य सोचका कारण धेरै युवा मतदाता निर्वाचन प्रक्रियाबाट टाढा रहेका थिए। तर, गत भदौ २३ र २४ को जेनजी आन्दोलनले देखाएको चेतना र सक्रियताले अहिले यो धारणामा परिवर्तन हुँदै गएको देखिन्छ। यो आन्दोलनले युवाले अब मौन बस्ने होइन, निर्णय प्रक्रियामा हस्तक्षेप गर्ने सङ्केत दिएका छन्। फलस्वरुप पछिल्लो समय राजनीतिको गति र प्रक्रियामा युवा वर्ग निर्णायक भएका देखिएका छन्। युवाले के चाहन्छन् भन्ने चर्चा बिना कुनै पनि बहसले पूर्णता नपाउने स्थिति उत्पन्न भएको छ। राजनीतिमा युवाको संलग्नता बढ्नुपर्छ भन्ने आवाज बलियो बन्दै गएको कारण यसअघि दलीय राजनीतिबाट टाढा रहेको ठूलो समूह राजनीतिको केन्द्रमा आइपुगेका छन्। त्यसको प्रभाव दलहरूले दिएको उम्मेदवारीमा समेत परेको छ। उनीहरूले युवा उम्मेदवारलाई प्राथमिकता दिएको पनि देखिन्छ। तर पनि, युवा उमेर समूहको जनसंख्या र उम्मेदवारबीच सन्तुलन कायम हुन सकेको छैन्।

नेपाल सरकारले १६ देखि ४० वर्ष र संयुक्त राष्ट्रसङ्घले १५ देखि २४ वर्षको जनशक्तिलाई युवा मानेको छ। २०६८ सालको जनगणना अनुसार नेपालमा कुल जनसंख्याको ४०.३५ प्रतिशत रहेको युवाको हिस्सा २०७८ सालमा बढेर ४२.५६ प्रतिशत पुगेको हो। राष्ट्रिय निर्वाचन आयोगका अनुसार प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि कुल मतदाता एक करोड ८९ लाख तीन हजार छ सय ८९ कायम भएको छ। मतदाताको संख्यामा पनि युवाकै बाहुल्यता देखिन्छ। कुल मतदाता मध्ये १८ देखि ४० वर्ष उमेर समूहका मतदाता ५२ प्रतिशत छन्। यद्यपि युवा १६ वर्षदेखि मानिए पनि संविधानले १८ वर्ष पुगेकालाई मात्र मतदान अधिकार दिएको छ। परिवर्तन र विकासका संवाहक, उन्नतिको आधारशिला तथा मुलुकको दिगो विकास र समृद्धिका प्रमुख स्रोत र साधनसमेत रहेका युवा मतदाताको प्रभावलाई अस्वीकार गर्न सकिँदैन।

यस वर्षको प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रत्यक्षतर्फ तीन हजार चार सय छ जनाले उम्मेदवारी दिएका छन्। ती मध्ये १८ देखि ४० वर्ष उमेर समूहका उम्मेदवार ३१ प्रतिशत मात्र रहेका छन्। त्यस्तै निर्वाचनमा उम्मेदवारी दिएका मध्ये ३६ देखि ५० वर्षको वर्चस्व देखिन्छ। कुल उम्मेदवार मध्ये ४६.२१ प्रतिशत यो उमेर समूहका छन्। त्यस्तै २५ देखि ३५ वर्ष समूहका १६.७३ प्रतिशत, ५१ देखि ६५ वर्ष उमेर समूहका ३१.२९ प्रतिशत र ६५ वर्षभन्दा माथिका ५.७७ प्रतिशत उम्मेदवार छन्। जेन-जी आन्दोलनपछि विशेषगरी २५ देखि ३५ वर्ष उमेर समूहका युवा उम्मेदवारको संख्या बढ्ने अपेक्षा गरिएको थियो। तर, त्यस्तो देखिएन। यसबाट प्रमुख राजनीतिक दलहरूमा राजनीतिक स्थान बनाइसकेका नेताहरूले नै उम्मेदवार बन्नका लागि अवसर पाएको देखिन्छ। दलहरूले नयाँ पुस्तालाई उम्मेदवार बनाउन र नयाँ पुस्ता स्वयम्ले पनि आफैं उम्मेदवार बन्नका लागि पहल नलिएको पनि देखिन्छ ।

समग्रमा, २५ देखि ५० वर्ष उमेर समूहका उम्मेदवारको संख्या करिब ६३ प्रतिशत रहेको छ। यो तथ्याङ्कलाई उत्साहजनक मानिए पनि तल्लो उमेर समूहको उम्मेदवारी भने खासै हुन सकेको छैन। जेनजी आन्दोलनको मुख्य मागमध्ये राजनीतिमा पुस्तान्तरण पनि एक थियो। त्यसैले दलहरूले कुन-कुन उमेर समूहका उम्मेदवार उठाए भन्ने सबैको चासोको विषय हो। तर उम्मेदवारको सूची हेर्दा भने पाका उमेरकै उम्मेदवारको बाहुल्य भएको देखिन्छ। विशेषगरी नेपाली कांग्रेस, नेकपा एमाले र नपाली कम्युनिष्ट पार्टी (नेकपा) जस्ता मुख्य दलहरूले टिकट वितरण गर्दा पाका उमेरका उम्मेदवारलाई नै प्राथमिकता दिएको निर्वाचन आयोगको तथ्याङ्कले पुष्टि हुन्छ।

कांग्रेस, एमाले र नेकपामा ४० वर्षमुनिका उम्मेदवारको उपस्थिति अत्यन्त न्यून रहेको छ। एक सय ६५ निर्वाचन क्षेत्र मध्ये कांग्रेसले ४० वर्षमुनिका सात जनालाई मात्रै चुनावी मैदानमा उम्मेदवार बनाएको छ। कांग्रेसबाट उम्मेदवार बनेकामध्ये सबैभन्दा कान्छो ३२ वर्षीय योगेश गौचन थकाली हुनुहुन्छ। उहाँले मुस्ताङबाट प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दिनुभएको छ। त्यस्तै, काठमाडौं-४ बाट ३३ वर्षीय सचिन तिमल्सेनाले उम्मेदवारी दिनुभएको छ। कांग्रेसका १६५ उम्मेदवारमध्ये झन्डै एक तिहाइ अर्थात् ५५ जना उम्मेदवार ६० वर्षभन्दा बढी उमेर समूहका छन्। कांग्रेसबाट सबैभन्दा पाका उम्मेदवार ७७ वर्षीय टेकप्रसाद गुरुङ हुनुहुन्छ। उहाँले चितवन-३ बाट उम्मेदवारी दिनुभएको छ। निर्वाचन आयोगका अनुसार कांग्रेसमा ४० देखि ५० वर्ष उमेर समूहका उम्मेदवार ३२ जना रहेको छ भने ५० देखि ६० वर्ष उमेर समूहका ७१ जना उम्मेदवार रहेको छ।

यसैगरी नेकपा एमालेको अवस्था पनि करिब त्यस्तै रहेको देखिन्छ। एमालेका एक सय ६४ उम्मेदवार मध्ये करिब ३३ प्रतिशत अर्थात् ५४ जना ६० वर्षभन्दा माथि उमेर समूहका छन्। एमालेका उम्मेदवार मध्ये सबैभन्दा जेठो उमेरका उम्मेदवार ७८ वर्षीय जालिम मियाँ मन्सुरीले पर्सा-४ बाट उम्मेदवारी दिनुभएको छ। एमालेमा २७ वर्षीय अमनिशकुमार यादव सबैभन्दा कान्छो उम्मेदवार हुनुहुन्छ। उहाँ सर्लाही-४ बाट उम्मेदवारी दिनुभएको छ। एमालेको उम्मेदवारी सूचीमा ४० वर्षमुनिका १२ जना मात्रै हुनुहुन्छ। त्यस्तै ४० देखि ५० वर्ष उमेर समूहका उम्मेदवार ३२ जना र ५० देखि ६० वर्ष उमेर समूहका उम्मेदवार ६६ जना रहनुभएको छ।

यस्तै, नेकपाका १६४ उम्मेदवार मध्ये ४० वर्षमुनिका १३ जना मात्र हुनुहुन्छ। सो पार्टीका सबैभन्दा कान्छो उम्मेदवार २७ वर्षीय अजय कुशवाहा बारा-४ बाट उम्मेदवारी दिनुभएको छ। बाँकी उम्मेदवार ४० वर्षभन्दा माथि उमेर समूहका हुनुहुन्छ। नेकपामा ३९ जना उम्मेदवार ६० वर्ष नाघेका हुनुहुन्छ। तीमध्ये सर्लाही-२ बाट ८८ वर्षीय महिन्द्रराय यादव सबैभन्दा पाका उम्मेदवार हुनुहुन्छ। त्यस्तै जसपा नेपालका ९४ उम्मेदवारमध्ये ११ जना ४० वर्षमुनिका हुनुहुन्छ भने ४० देखि ५० वर्ष उमेर समूहका ३९ जना र ५० देखि ६० वर्ष उमेर समूहका २७ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ। जसपामा १७ जना उम्मेदवार ६० वर्षभन्दा माथि उमेर समूहका हुनुहुन्छ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)सहितका नयाँ राजनीतिक दलले युवालाई उल्लेख्य स्थान दिएको छ। रास्वपाका एक सय ६३ उम्मेदवार मध्ये झन्डै ४० प्रतिशतअर्थात् ६५ जना उम्मेदवार ४० वर्षमुनिका हुनुहुन्छ। तीमध्ये १२ जना उम्मेदवार ३० वर्षभन्दा मुनिका हुनुहुन्छ भने ५३ जना ३० देखि ४० वर्ष उमेर समूहका हुनुहुन्छ। निर्वाचन आयोगका अनुसार रास्वपाका ५० जना उम्मेदवार ४० देखि ५० वर्ष उमेर समूहका हुनुहुन्छ छन्। त्यस्तै ४६ जना उम्मेदवार ५० देखि ६० वर्ष उमेर समूहका हुनुहुन्छ। रास्वपामा ६० वर्षमाथि तीन जना मात्रै उम्मेदवार हुनुहुन्छ। यस्तै उज्यालो नेपाल पार्टीका कुल १०५ उम्मेदवार मध्ये ४० जना ४० वर्षभन्दा कम उमेर समूहका हुनुहुन्छ। निर्वाचन आयोगका अनुसार उज्यालो नेपालमा २९ जना उम्मेदवार ४० देखि ५० वर्ष उमेर समूहका हुनुहुन्छ भने ५० देखि ६० वर्ष उमेर समूहका २७ जना उम्मेदवार हुनुहुन्छ। यो पार्टीका नौ जना उम्मेदवार मात्रै ६० वर्षमाथिका हुनुहुन्छ। त्यस्तै श्रम संस्कृति पार्टीका कुल एक सय नौ जना उम्मेदवार मध्ये ३५ जना ४० वर्षभन्दा कम उमेरका हुनुहुन्छ। सो पार्टीबाट सबैभन्दा कान्छो उम्मेदवार २६ वर्षीय पङ्कजकुमार ठाकुरले सिरहा-४ बाट उम्मेदवारी दिनुभएको छ। सो पार्टीमा छ जना मात्रै ६० वर्षमाथिका उम्मेदवार हुनुहुन्छ। बर्दिया-२ बाट उम्मेदवारी दिनुभएका ७४ वर्षीय मानबहादुर वैराग सो पार्टीका सबैभन्दा ज्येष्ठ उम्मेदवार हुनुहुन्छ।

वास्तवमा युवाको सक्रियता लोकतन्त्रका लागि सकारात्मक सङ्केत हो। निर्वाचनलाई केबल सत्ता हस्तान्तरणको प्रक्रिया मात्र नभई युवाको बदलिँदो राजनीतिक चेतना पनि हो। विगतमा राजनीतिक उदासीनताको आरोप खेप्दै आएको युवा वर्ग आज नीति, नेतृत्व र प्रणाली माथि प्रश्न उठाउन अग्रपङ्क्तिमा देखिन थालेका छन्। यही परिवर्तन आसन्न प्रतिनिधिसभा निर्वाचनको सबैभन्दा निर्णायक तत्व बन्ने सङ्केत गरेको हो। आसन्न निर्वाचनको अर्को महत्त्वपूर्ण पक्ष डिजिटल राजनीति पनि हो। नेपालमा इन्टरनेट पहुँच ७० प्रतिशतभन्दा बढी पुगेको छभने सामाजिक सञ्जाल प्रयोगकर्तामध्ये बहुसंख्यक युवा नै छन्। टिकटक, फेसबुक, युट्युब र एक्स (ट्विटर) अब केवल मनोरञ्जनका माध्यम होइनन्, राजनीतिक विमर्शका मुख्य प्लेटफर्म पनि बनेका छन्। यसले परम्परागत चुनावी अभियानको स्वरूप नै परिवर्तन गरिदिएको छ। ठूला सभा, पोस्टर र नाराभन्दा छोटा भिडियो, तथ्यको जाँच, विगतको अभिलेख र सार्वजनिक बहस प्रभावकारी बन्दै गएका छन्।

जेन-जी मतदाताले उम्मेदवारको इतिहास, व्यवहार र विश्वसनीयतालाई 'डिजिटल' माध्यमबाट सजिलै मूल्याङ्कन गरिरहेका छन्। यसले चुनावी राजनीतिमा पारदर्शिता बढाएको छ, तर दलहरूका लागि चुनौती पनि थपेको छ । अहिले नेतृत्वमा उदाउन खोज्नेले युवा पुस्ताको सपनालाई आर्थिक दृष्टिकोणबाट सम्बोधन गर्न सक्नुपर्छ। त्यो भनेको यो मुलुकमा उत्पादन बढाउनुपर्छ। ठूला-ठूला उद्योगको स्थापनाका लागि सरकार र राजनीतिक नेतृत्वले उत्प्रेरणात्मक, निश्चर्यतात्मक र अभिभावकीय भूमिका खेलिनुपर्नेमा त्यसो हुन सकेको छैन। युवा शक्ति नै राष्ट्रको आधारस्तम्भ भएकाले यो शक्तिलाई सही दिशामा सदुपयोग गरेमा मात्र युवा पलायन रोकी मुलुकलाई समृद्धितर्फ डोऱ्याउन सकिन्छ। यसका साथै समृद्धिमैत्री आधुनिक प्रविधिसँग आत्मसात् गर्ने नौलो सीप तथा दक्षतामा रमाउन चाहने युवालाई आर्थिक विकासको मेरुदण्डका रुपमा समाहित गर्नुपर्ने आजको आवश्यकता छ।

हुन त प्रत्येक सरकारले मुलुकको आर्थिक समृद्धि तथा सामाजिक रूपान्तरणको अभिभारा युवाको काँधमा सुम्पिएको भनिए पनि उनीहरूको समस्याप्रति चासो दिएको छैन। युवाहरू अनेकथरी समस्याको चक्रव्यूहमा फसेका देखिछन्। श्रम स्वीकृति लिने नेपालीको संख्या वार्षिक सात/आठ लाखको हाराहारीमा रहेको तथ्याँक छ। तीमध्ये ठूलो हिस्सा १८-३५ वर्ष उमेर समूहका युवा हुन्। सरकारी सेवामा सीमित पहुँच हुँदा तथा निजी क्षेत्रमा स्थायित्व र तलबको 'ग्यारेन्टी' नहुँदा पर्याप्त रोजगारी सिर्जना हुन सकेको छैन। बेरोजगार भएपछि अधिकांशले विदेशतर्फको बाटोमा लम्किन्छन्। प्रत्येक दिन दुई हजार युवा वैदेशिक रोजगारीका लागि बाहिरिन्छन् भने कतिपय युवा उच्च शिक्षाका लागि विदेश गई उतै पलायन भइरहेका छन्। युवामैत्री लगानीको अभाव र लैङ्गिक, क्षेत्रीय, जातीय असमानताका कारण युवाहरू पलायन हुन बाध्य भएका छन्। यसरी रोजगारीका लागि विदेशिन बाध्य हुनु भनेको आर्थिक पलायनका लागि मात्र होइन, राजनीतिक अविश्वासको मौन जनमत पनि हो। चुनावका बेला 'देशमै अवसर सिर्जना' भन्ने नारा दोहोरिए पनि व्यवहारमा युवाले त्यसको प्रत्याभूति गर्न पाएका छैनन्। विदेशमा रहेका लाखौं युवाले मतदान गर्न पाउने व्यवस्था नहुनु पनि लोकतान्त्रिक प्रतिनिधित्वको गम्भीर कमजोरी पनि हो। यदि उनीहरूको मत समावेश हुन सकेको भए, निर्वाचन परिणाम र राजनीतिक सन्तुलनमा ठूलो प्रभाव पर्न सक्थ्यो होला।

युवाको विकासका लागि बनाइएको नीति प्रभावकारी रूपले कार्यान्वयन गरी युवाका समस्या सम्बोधन र अवस्थामा सुधार ल्याउनेतर्फ राज्यको ध्यान नपुग्दा पिछडिएको वर्ग र क्षेत्रका युवाको राज्यका केन्द्रीय निकायमा प्रतिनिधित्व समेत न्यून छ। श्रमबाट मात्रै समृद्धि आउने हुँदा मुलुकको उन्नतिका लागि श्रम गर्न सक्ने सबैभन्दा बढी क्षमता र सम्भावना भएका युवाको उचित परिचालन हुनुपर्छ। तर त्यो हुन सकेको छैन्। सार्थक सहभागिता, क्षमता र नेतृत्व विकासका माध्यमबाट युवालाई राष्ट्रिय विकासको मूलधारमा समाहित गर्दै समृद्ध, आधुनिक र न्यायपूर्ण नेपाल निर्माण गर्न युवाको भूमिका र उनीहरूमा अन्तर्निहित क्षमतालाई गुणात्मक बनाउने लक्ष्यका साथ यो नीति कार्यान्वयनमा ल्याइएको हो। यसरी जेनजी पुस्ताको असन्तुष्टि भावनात्मकभन्दा पनि संरचनागत देखिन्छ। बेरोजगारी यसको प्रमुख कारण हो।

पछिल्लो समय मुलुकमा देखिएका युवा केन्द्रित आन्दोलनहरू, स्वतःस्फूर्त प्रदर्शन र सामाजिक सञ्जालमा उठेका बहसहरूले एक नयाँ राजनीतिक ऊर्जा सिर्जना गरेका छन्। तर यो ऊर्जा संस्थागत राजनीतिमा रूपान्तरण हुन सकेको छैन। राजनीतिक दलभित्र आन्तरिक लोकतन्त्रको अभाव पनि हो। युवा नेताहरू दलभित्रै निर्णायक तहमा पुग्न नसक्दा, सक्षम युवा राजनीतिको बाहिर धकेलिएका छन्। यसले युवामा 'दलभित्र छिरेर परिवर्तन सम्भव छैन' भन्ने सोच बलियो बनाएको छ। त्यसैले आसन्न निर्वाचनमा राजनीतिक दलहरूको सबैभन्दा ठूलो परीक्षा युवालाई विश्वस्त पार्नु हो। घोषणापत्रमा रोजगारी, सुशासन, डिजिटल अर्थतन्त्र र शिक्षा सुधार समावेश गर्नु मात्र पर्याप्त हुँदैन। युवाले अब 'के गर्ने' भन्दा 'कसरी र कहिले' भन्ने प्रश्न सोधिरहेका छन्। पछिल्ला निर्वाचनमा देखिएको स्वतन्त्र र वैकल्पिक उम्मेदवारप्रतिको आकर्षण पनि यही असन्तुष्टिको परिणाम हो।

यस पटकको निर्वाचन अघिल्ला निर्वाचनभन्दा फरक हुन सक्ने सङ्केत देखिन थालेका छन्। युवा मतदाता जात, क्षेत्र वा पार्टी पहिचानभन्दा नीति, चरित्र र कार्यसम्पादनका आधारमा मतदान गर्न इच्छुक देखिन्छन्। यसलाई 'समस्या केन्द्रित मतदान' को प्रारम्भिक चरणका रूपमा बुझ्न सकिन्छ। यदि यो प्रवृत्ति संस्थागत भयो भने यसले नेपालको समावेशी लोकतन्त्रलाई सबल, सुदृढ र जनताको विश्वास आर्जनमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्छ। आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचन नेपालका लागि केवल अर्को चुनाव होइन, पुस्तागत राजनीतिक सङ्क्रमणको निर्णायक मोड हो। जेन-जीले उठाएको प्रश्न, प्रस्तुत गरेको विकल्प र देखाएको सक्रियताले आगामी राजनीतिक दिशा तय गर्नेछ। युवालाई केवल मतदाता होइन, नीति साझेदारका रूपमा स्वीकार गर्न सके मात्र निर्वाचन लोकतन्त्र सुदृढीकरणको माध्यम बन्न सक्छ।

## वीरता जेसीजद्वारा अक्षयकोष स्थापना

**बिर्तामोड, माघ २७।** वीरता जेसीज बिर्तामोडले मानवताको सेवामा समर्पित रहने उद्देश्यसहित अक्षयकोष स्थापना गरेको छ।

संस्थाका पूर्व अध्यक्ष घनश्याम चौधरीको जन्मदिनको अवसर पारेर उक्त कोष स्थापना गरिएको हो। अक्षयकोष स्थापनाका लागि पूर्व अध्यक्ष चौधरीले प्रारम्भिक रूपमा ११ हजार रुपैयाँ सहयोग प्रदान गरेका छन्। चौधरी नेपाल जेसीजका पूर्व उपाध्यक्ष समेत हुन्। जन्मदिनलाई सामाजिक उत्तरदायित्वसँग जोड्दै गरिएको यो कार्यलाई वीरता जेसीजले सराहनीय कदमका रूपमा लिएको छ।



कार्यक्रममा वीरता जेसीजका अध्यक्ष लोकचन्द्र श्रेष्ठ (एलसी)को अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो। प्रमुख अतिथिका रूपमा बिर्तामोड उद्योग वाणिज्य संघका प्रतिनिधि राजु न्यौपाने उपस्थित थिए भने कार्यक्रम संयोजकको भूमिका सुमन पोद्दारले निर्वाह गरेका थिए।

कार्यक्रममा शुभकामना व्यक्त गर्दै वीरता जेसीजका पूर्व अध्यक्ष तथा नेपाल जेसीजका सल्लाहकार विशाल थापा, पूर्व अध्यक्ष प्रशान्त भण्डारी तथा महालक्ष्मी बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष देवेन्द्रकुमार सिंहले अक्षयकोषले भविष्यमा सामाजिक सेवामा महत्वपूर्ण योगदान दिने विश्वास व्यक्त गरे।

कार्यक्रमको सञ्चालन वीरता जेसीजका महासचिव सुवास त्रिखत्रीले गरेका थिए भने कार्यकारी उपाध्यक्ष प्रज्वल विमलीले धन्यवाद ज्ञापन गरेका थिए। वीरता जेसीजले स्थापना गरेको उक्त अक्षयकोषबाट आगामी दिनमा शिक्षा, स्वास्थ्य तथा विपन्न वर्गको सहयोगमा कार्यक्रम सञ्चालन गर्ने योजना रहेको जनाएको छ।

## आजको राशिफल






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** समय सामान्य रहेको छ, काम सफलता हुँदा मन खुशी रहला, स्वास्थ्यमा गडबडीको योग रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** समय फलदायी छ, चिट्ठा तथा उपहार प्राप्तिको योग छ, आज अचानक छोटो दुरीको रोमान्टीक यात्रा हुनाले मन प्रशन्न रहने छ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** तपाईको मन शान्त र खुशी रहनेछ, लामो समयदेखिको स्वास्थ्य समस्या हटेर जानेछ, खर्च बढ्नेछ धान्न नसकेर मनमा चिन्ता होला।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** रचनात्मक काम शुरू गर्ने समय छ, पहिले गरिएको कामको हौशलाले थप उर्जा मिल्नेछ, स्वास्थ्यले साथ दिनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** आफ्नाबाट खुशीको समाचार आउने योग रहेको छ, नयाँ अवसरका बाटाहरु खुल्नेछन्, स्वास्थ्यमा ध्यान दिनुहोला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** समय अनुकुल छ, मिष्ठान्न भोजन मिल्नेछ। छोटो दुरीको यात्रा हुनेछ, विपरीत लिङ्गीको सहयोग प्राप्त हुनेछ, मन प्रशन्न रहला।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते)** समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, मन प्रशन्न रहला।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** स्वास्थ्य प्रतिकुल बन्नेछ, मन शान्त रहने छ, छोटो दूरीको यात्रा हुने सम्भावना रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला।


**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौशला मिल्नाले मन हर्षित हुनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** उत्तरार्द्धपछि काम बन्ने योग छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ, आफ्नो लाभांशप्रति अरूले दाबी गर्न सक्छन्।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** दिन मध्यम रहेको छ, बोलिको भरमा विशेष काम बन्ने योग आएको हुनाले बोलिमा विचार पुऱ्याउनुहोला, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** पराक्रम बढ्ने योग छ, दिगो फाइदा हुने कामहरूको शुरूवात हुनेछ, आयआर्जनको स्रोत बढ्ने छ, प्रेमको डोरो कसीलो भएर जाने योग रहेको छ।

### मिति २०८२/१०/२७ मंगलबारको सुनचाँदी मूल्य



छापावाला सुन प्रति तोला रु. ३,०५,५००।-

चाँदी प्रति तोला रु. ५,२४०।-

# बिर्तामोडका ढुण्डीराज गिरी डीएसपीमा बढुवा



**बिर्तामोड, माघ २७।** इलामको कन्याममा वि.सं. २०३३ साल साउन २० गते आमा देवकुमारी गिरी र बुबा वेदप्रसाद गिरीको पुत्ररत्नका रुपमा जन्मिएका ढुण्डीराज गिरी नेपाल प्रहरीको संगठनमा परिचित नाम हो ।

इलाममा जन्मिए पनि झापाको बिर्तामोडलाई कर्मथलो बनाएका गिरी प्रहरी नायव उपरीक्षकमा बढुवा भएका छन् । प्रहरी निरीक्षक हुँदा जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाको उत्कृष्ट नेतृत्व गरेका थिए भने उनले झापासहित विभिन्न जिल्लामा आफ्नो जिम्मेवारी सफलता पूर्व निर्वाह गरेका थिए ।

उनले नुवाकोट, प्युठान, काठमाडौं, खोटाङ, सुनसरी, मोरङ, सोलुखुम्बु, पाँचथर र झापाका विभिन्न क्षेत्रमा कुशलता पूर्वक आफ्नो जिम्मेवारी निर्वाह गरिसकेका छन् । उनको कामलाई मुल्याङकन गर्दै नेपाल प्रहरीले प्रदान गर्ने पुलिस अफ दी मन्थ लगायतका दर्जनौं नगद र पुरस्कारहरु प्रदान गरिसकेको छ। उनले जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाको नेतृत्व गरेको अहिले पनि सम्झना र प्रशंसा गरिन्छ ।

त्यस्तै विपद्का बेला उनले नेतृत्वदायी भूमिका निर्वाह गरेका थिए भने उनलाई दैवी प्रकोप उद्दार पदक दिर्घसेवा पदकबाट समेत सम्मान गरिएको थियो । हाल जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी निरीक्षक भएकै अवस्थामा उनको बढुवा भएको हो । गृह मन्त्रालय (सचिवस्तर)को निर्णयले गिरी प्रहरी निरीक्षक पदबाट प्रहरी नायव उपरीक्षक पदमा बढुवा भएका हुन् ।

गिरीलाई एक कार्यक्रमका बीच कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक विनोद घिमिरेले दर्ज्यानी चिन्ह प्रदान गरेका छन् । पदोन्नति भएका प्रहरी नायव उपरीक्षक गिरीलाई प्रहरी नायव महानिरीक्षक घिमिरेले हार्दिक बधाईसहित धन्यवाद दिएका छन् । कार्यक्रममा प्रहरी वरिष्ठ उपरीक्षक योगेन्द्र सिंह थापालगायत सिनियर तथा जुनियर प्रहरी अधिकृत तथा प्रहरी कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

२०५२ फागुन २४ गते प्रहरी जवानबाट उनले प्रहरी सेवामा प्रवेश गरेका थिए । त्यसपछि २०५४ चैत १६ मा प्रहरी सहायक निरीक्षकमा खुल्ला प्रतियोगिताबाट नाम निकाल्न सफल भएका थिए । २०५९ जेठ ६ गते प्रहरी नायव निरीक्षक र २०७१ चैत १ गते प्रहरी निरीक्षक हुँदै प्रहरी नायव उपरीक्षक पदमा बढुवा हुन सफल भएका हुन् । गिरीको अवकाश हुन अब एक महिना मात्र बाँकी रहेको बताइएको छ । यसैबीच जिल्ला प्रहरी कार्यालय झापाले एक कार्यक्रमका बीच प्रहरी नायव उपरीक्षकमा बढुवा भएका गिरीलाई प्रहरी उपरीक्षक बसुन्धरा खड्काले बधाई तथा शुभकामना ज्ञापन गरेकी छन् ।

# चन्द्रगढी सामुदायिक वनको दिगो वन व्यवस्थापन कार्ययोजना पारित

**भद्रपुर, माघ २७।** भद्रपुर-९ स्थित चन्द्रगढी सामुदायिक वन उपभोक्ता समूहले दिगो वन व्यवस्थापन कार्ययोजना पारित गरेको छ ।

मुना भवनमा आयोजित वन उपभोक्ता समूहको तेस्रो विशेष साधारण सभा (परिषद् भेला)ले वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यविधि पारित गरेको हो ।

समूहका अध्यक्ष अनुज खतिवडाले दिगो वन व्यवस्थापन सम्बन्धी प्रतिवेदन प्रस्तुत गरेका थिए । प्रस्तुत गरिएको प्रतिवेदनमा वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन भन्नाले सिङ्गो वन क्षेत्रलाई आठ भागमा विभाजन गरिन्छ ।

विभाजन गरिएको आठ क्षेत्रलाई कम्पाटमेन्ट भनिन्छ भने एक कम्पाटमेन्टलाई पुनः १० भागमा विभाजन गरी १० भाग को एक भागलाई कुप मानी प्रत्येक वर्ष एक कुपवाट पुराना, बाङ्गा, धोद र पुनरः उत्पादन दिन नसक्ने रुखहरू कटान गरी त्यस क्षेत्रलाई घेराबारा गरी व्यवस्थित रुपमा बिरुवाहरू गोडमेल गरी दीर्घकालीन रुपमा राम्रा र सिधा रुखहरूलाई बढाई ८० वर्षको जीवनचक्र मानेर गरिने सम्पूर्ण प्रक्रियालाई नै दिगो वन व्यवस्थापन प्रक्रिया भनिन्छ ।

८० वर्षभन्दा पुराना रुखहरूले कार्बन सञ्चिति कम गर्ने भएको र सही समयको सदुपयोग गर्न नसकेका कारणले नै पुराना रुखहरू अधिक रहेका क्षेत्रहरूमा दिगो वन व्यवस्थापन लागु गर्नु नै उत्तम रहेको मानिन्छ भने हामीले परम्परागत हिसावले वन व्यवस्थापन गर्दा बनको हैसियत पनि बिग्रिँदै गएको छ ।



वनको हैसियत बिग्रियो भन्नुको अर्थ के हो भने जङ्गलमा पुरै बुढा रुखहरू भए, धोद्रो पल्टिँदै गए, जङ्गल बाक्लो भई सूर्यको किरण सोझै जमिनमा नपर्नाले नयाँ बिरुवाहरू उम्रन र हुर्कन सकेनन् त्यसकारण वनको हैसियत बिग्रियो भनी कोशी प्रदेश सरकारले वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्यविधि २०८२ मा पनि वनको दिगो व्यवस्थापन मार्फत उत्पादन तथा उत्पादकत्व बढाई वन उत्पादनमा आत्मनिर्भर बन्ने र निर्यात मार्फत समृद्धि हासिल हुने लक्ष्य लिएको भनिएको छ ।

दिगो वन व्यवस्थापन कार्यविधि अनुसारको कार्य योजना निर्माण गरी वन समूहले प्राप्त गरेको ४३०.५९ हेक्टर क्षेत्रफलमा यो कार्य योजना कार्यान्वयनका लागि परिषद् भेलाले पारित गरेको अध्यक्ष खतिवडाले बताए । त्यस्तै डिभिजन वन कार्यालय झापाका वन अधिकृत प्रमेश्वर पासवानले दिगो वन व्यवस्थापन कार्यविधि बारेमा कार्यपत्र प्रस्तुत गरेका थिए ।

भद्रपुर नगरपालिकाका उपप्रमुख राधा कार्कीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा समूहका उपाध्यक्ष श्रीमननारायण पौडेलले स्वागत गरेको कार्यक्रमको सञ्चालन कमला थापाले गरेकी थिइन् । समूहका अध्यक्ष अनुज खतिवडाको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

# साहित्य चौतारीसँग स्रष्टा पोडकास्ट

**बिर्तामोड, माघ २७।** लेखक तथा स्रष्टालाई प्रोत्साहन गर्दै साहित्यको प्रवर्द्धन गर्ने उद्देश्यले २०५६ सालमा स्थापित साहित्य चौतारी झापाले पछिल्लो समय डिजिटल माध्यमलाई समेत आत्मसात गर्दै आफ्नै पोडकास्ट शुभारम्भ गरेको छ ।

'साहित्य चौतारीसँग स्रष्टा' नामक पोडकास्टको बिर्तामोडमा औपचारिक शुभारम्भ भएको हो । निरन्तर साहित्यिक गतिविधिमा सक्रिय रहँदै आएको साहित्य चौतारीले यसअघि स्मारिका प्रकाशन, पुस्तक लोकार्पण, कृति चर्चा-परिचर्चा, अन्तरदेशीय काव्य गोष्ठी सम्मेलन, प्रतियोगितात्मक साहित्य सम्मेलन, शास्त्रीय संगीत प्रतियोगिता, नारायण गोपाल साँझ लगायत विविध कार्यक्रम गर्दै आएको छ । संस्थाले कवि शिरोमणि लेखनाथ पौड्याललगायत विशिष्ट साहित्यिक व्यक्तित्वको जन्मजयन्तीमा विशेष कार्यक्रम गरी स्रष्टालाई सम्मान गर्दै आएको छ ।

संस्थाका संरक्षक तथा अध्यक्ष देवीभक्त श्रेष्ठको अध्यक्षतामा तथा मदन पुरस्कार विजेता साहित्यकार कृष्ण धरावासीको प्रमुख आतिथ्यमा पोडकास्टको शुभारम्भ गरिएको हो ।

कार्यक्रमको उद्घाटन प्रमुख अतिथि धरावासी, अग्रज गायक तथा संगीतकार वरिष्ठ संगीतकार टीका भण्डारी, कानुन व्यवसायी लीला उदासी, सामाजिक व्यक्तित्व अनिरुद्र ओली लगायतले संयुक्त रूपमा गरेका थिए ।

काँकरभिट्टास्थित होटल हिकोला हेरिटेज प्रालिको छैटौं वार्षिकोत्सवको अवसर पारेर आयोजना गरिएको कार्यक्रममा पर्यटन प्रवर्द्धनमा साहित्य, संगीत र सञ्चारको भूमिका विषयक अन्तरक्रिया समेत गरिएको थियो । सोही अवसर पारेर चौतारीले साहित्यलाई पर्यटनसँग जोड्ने आफ्नो अवधारणालाई थप सशक्त बनाउँदै पोडकास्ट शुभारम्भ गरेको संस्थाका अध्यक्ष श्रेष्ठले बताए ।

कार्यक्रमको सञ्चालन साहित्य चौतारीका सचिव तुलसीप्रसाद निरौलाले गरेका थिए । पोडकास्ट कार्यक्रमको नियमित सञ्चालन सञ्चारकर्मी भरत प्रसाईले गर्ने जानकारी दिइएको छ ।

साहित्य चौतारीका अध्यक्ष श्रेष्ठको शुभकामना मन्तव्यसहित वरिष्ठ संगीतकार डा. टीका भण्डारी र भारतको दार्जिलिङ निवासी वासुरी विज्ञ मोहन प्रधानको प्रस्तुति रेकर्ड गरिएको छ ।


वैदेशिक रोजगार
के तपाई विदेश जान चाहनुहुन्छ ? यदि सस्तो, भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने ब्रदर्श इन्टरनेशनल इम्प्लोइमेन्ट प्रालिलाई सम्झनुहोस् । हामी दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ ।
सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

कार्की ट्याक्सी सर्भिस
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

विशेषज्ञ डाक्टरहरूको सेवा अब कान्तिपुर मेडिसीन सेन्टर
उपचार हुने रोगहरू :
- उच्च रक्तचाप (Blood pressure)
- सुगर, हर्मोन, थाइराइड विशेषज्ञ
- वरिष्ठ मानसिक रोग विशेषज्ञ
- वरिष्ठ छाला, यौन रोग विशेषज्ञ
- वरिष्ठ बाल रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति रोग विशेषज्ञ
यहाँ रेबिजबिरुद्धको भ्याक्सीन लगाइन्छ । साथै प्याथोलोजी सेवा पनि उपलब्ध छ ।
अदुवा पुल छेउ गणेश पेट्रोल पम्पसँगै बिर्तामोड, झापा (फोन: ०२३-५३२८४५)

अब बिर्तामोडमा
डा. पितामबर ठाकुर
MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या, मुटु सम्बन्धी समस्या, राति निद्रा नलाग्ने, छाती दुख्ने, फोक्सो सम्बन्धी समस्या, बाथ, थाईराईड, रक्तचाप, मधुमेह
डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposite of Paschim Bus Stand

वैदेशिक रोजगार
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस् । बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं ।
सम्पर्क :
यूनाइटेड प्लेसमेन्ट एण्ड इम्प्लोइमेन्ट सर्भिस प्रा. लि.
शाखा कार्यालय बिर्तामोड
मो. ९७०२९५९६४० / ९७०२९५९६४१

ताप्लेजुङ -पाथीभरा सफल यात्रा
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२, ९८०१३६४०९३

हामीलाई सम्पर्क गर्नुहोस्
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं ।
नोट: सिबिल वा रिटायर जुनै भए पनि हुनेछ ।
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

आयुर्वेद उपचार
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ । साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क : ९८१८७९३९८६, ९८५२६८८९८६

सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोस् ।
कुनै पनि संस्था, बैंक, उद्योग, स्कूल, मार्केट लगायत जुनसुकै क्षेत्रमा सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोला । साथै सेक्युरिटीमा काम गर्न चाहने इच्छुक महिला तथा पुरुषहरुले पनि तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क :
सेक्टर वान सेक्युरिटी सर्भिस
बिर्तामोड-१, झापा, हिमरेश मार्ग
फोन: ९७०००६८५४०, ९८०१४४५००३

सेफ्टी ट्यांकी चाहिएमा
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस् । सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।
सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

DRISHTI Eye Care System
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक
१५ वर्षको अनुभवसँग तपाईको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईको सेवामा !
हाम्रो स्थानहरू :
बिर्तामोडमा हिकोला रोड
फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

UAE मा रोजगारीको अवसर
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No . 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई
बिर्तामोड सम्पर्क राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)

मार्बल शिलालेख
यहाँ डिजिटल प्रविधिबाट मार्बलमा फोटो खोपिन्छ साथै आर्ट सम्बन्धी सम्पूर्ण कार्यहरु सरल दरमा गरिन्छ
सम्पर्क :
एल. बि. आर्ट
बिर्तामोड-४, पश्चिम बस स्टेण्ड अदुवा पुल छेऊ
फोन नं. : ९८४४६८५६००, ९८१६०४९८००

शुद्ध दूधको स्वस्थ उत्पादन
कोसेली
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा'
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ। साथै क्याटरिङ तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दुग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ ।
कालिका डेरी,
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

उच्च गुणस्तर सुलभ मूल्य
सयपत्री बालुवा प्रशोधन उद्योग
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

सिलिङ सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ साथै पीभीसी सिलिङ र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ। आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस् ।
बिर्तामोड :
झापा फल्स सिलिङ हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

होटल समृद्धि सुरुङ्गा
एसी हल, एसी रुम, बर्थ डे हल, शान्त वातावरणमा खाना/बस्नसहितको विशेष सुविधा अब होटल समृद्धि सुरुङ्गमा ।
होटल समृद्धी
हरिकुल बोर्डिङ्ग छेउ, हाइवे उत्तर कनकाई नपा, सुरुङ्गा, झापा
सम्पर्क : ९८२२१९५२७३, ९८५२६७१४२२

Ganapati Bakers
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

लैङ्गिक हिंसाबिरुद्ध एकजुट बनौ
लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकीकृत सेवा पहुँच परियोजना मेचीनगर नगरपालिका, इँटाभट्टा, झापा
लैङ्गिक हिंसा न्यूनीकरण समाजको साझा सरोकारको विषय हो । यसलाई महिलाको मात्र सरोकारको विषयको रुपमा हेर्ने र बुझ्ने प्रवृत्ति देखिन्छ, जसका कारण अन्य सरोकारवालाहरु यस समस्याको समाधानप्रति सहभागी भई संवेदनशील समेत नहुने जोखिम रहन्छ । यस समस्यालाई समग्रतामा सम्बोधन गर्न सबैको सहभागिता र भूमिकालाई सम्बोधन गर्न सबैको सहभागिता र भूमिकालाई अपरिहार्य मानिन्छ । स्थानीय स्तरमा लैङ्गिक हिंसा निवारणका प्रयासहरु सफल बनाउन स्थानीय तहहरुको नीतिगत, संस्थागत व्यवस्था र क्षमता अभिवृद्धिका कार्यहरुमा सहजीकरण गर्न नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र विश्व बैंक नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा मेचीनगर नगरपालिकामा परीक्षणको रुमपा 'लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकीकृत सेवा पहुँच परियोजना- (IGBVRN Project)' सञ्चालन गरिएको छ ।
लैङ्गिक हिंसा भनेको के हो ?
लैङ्गिक हिंसा भन्नाले कुनै पनि व्यक्तिको सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा शारीरिक, मानसिक वा यौनजन्य क्षति वा पीडा पुऱ्याउने कार्यहरुलाई जनाउँछ । अझ स्पष्ट रुपमा भन्नुपर्दा कुनै पनि व्यक्तिलाई लैङ्गिक विभेदकारी सामाजिक मूल्य-मान्यताका आधारमा हुने कुनै पनि प्रकारको अपमानजनक, पीडाजन्य, दवाव, करकाप वा धम्कीपूर्ण व्यवहार वा महिला, पुरुष, यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुलाई स्वतन्त्रताको उपभोग गर्नबाट वञ्चित गर्ने कार्यहरु पर्दछन् । लैङ्गिक हिंसा भनेको मानवअधिकारको उल्लंघन हो र यस्ता कार्यहरु सार्वजनिक वा निजी स्थान जहाँ पनि हुन सक्छ । यसले व्यक्तिको स्वास्थ्य, सुरक्षा र आत्मसम्मानलाई समेत कमजोर बनाउँछ ।
लैङ्गिक हिंसामा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरु कसरी पीडित हुन्छन् :
- पहिचानको पीडा भोगेर
- परिवारबाट मानसिक तथा शारीरिक यातना पाएर,
- परिवार र समाजबाट तिरस्कृत भएर,
- समाजमा जिस्काउने, गिज्याउने व्यवहार सहन गरेर,
- राज्यबाट उपलब्ध हुने सेवासुविधाबाट उपेक्षित भएर वा गरिएर
लैङ्गिक हिंसाका प्रकार
१) शारीरिक हिंसा :
शारीरिक हिंसा शारीरिक रुपमा असर पर्ने गरी गरिने हिंसा नै शारीरिक हिंसा हो जस्तै कुटपिट, जबरजस्ती, महिलालाई कामको बोझ थपेर दुःख दिनु वा शारीरिक रुपमा घाऊ, चोटपटक घाइते अवस्था, अपाङ्गता र मृत्युसम्मको अवस्थाको कारक तत्वलाई शारीरिक हिंसा भनिन्छ ।
२) मानसिक वा मनोसामाजिक हिंसा :
बोलेर-शब्दको प्रयोग वा सांकेतिक प्रयोगद्वारा अर्को व्यक्तिलाई मानसिक वा भावनात्मक चोट पुऱ्याउने तथा आफ्नो नियन्त्रणमा लिने उद्देश्यले गरिने क्रियाकलापहरुलाई बुझाउँछ । यस अन्तर्गत गालीगलौज, अपमानित गर्ने, डरधम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, झुट्टा आरोप लगाउने, अनावश्यक दोष थोपर्ने तथा मानसिक तथा भावनात्मक चोट पुऱ्याउने जस्ता व्यवहारहरु पर्दछन् ।
३) आर्थिक हिंसा :
घरभित्र र बाहिर आर्थिक रुपमा आयआर्जन हुने खालका काम गर्नमा रोक लगाउनु, आर्थिक निर्णय गर्ने अधिकार नदिनु, उपलब्ध भएर पनि आवश्यक पर्ने खर्च (पैसा) नदिनु, आफ्नो कमाइमा आफ्नै नियनत्रण हुन नदिनु, कमाइ हुने अवसरबाट वञ्चित गर्नु, जग्गा-जमिन लगायत अचल सम्पत्तिमा पहुँच नहुने, आर्थिक कारोबार गर्न नदिनु, उद्यम गर्न नदिनु, जागिर खान नदिनु जस्ता व्यवहार पर्छन् ।
४) सामाजिक हिंसा :
सामाजिक संस्कार, धर्म परम्परा वा रीतिरिवाजका आधारमा गर्ने हिंसाहरु जस्तैः हानिकारक-विभेदकारी प्रचलनहरु, बाल विवाह, बहुविवाह, अनमेल विवाह, दाइजो प्रथा, देउकी, झुमा, बोक्सीको आरोप, सुत्केरी वा महिनावारीको बेलामा गरिने छुवाछुत एवम् छाउपडी प्रथा र महिला तथा बालिका माथि हुने सबैखाले विभेदहरु सामाजिक वा सांस्कृतिक हिंसाभित्र पर्दछन् ।
५) यौनजन्य हिंसा-दुर्व्यवहार :
कुनै पनि व्यक्तिको इच्छा विपरीतका हाउभाउ गर्ने, इसारा गर्ने, जिस्काउने, शरीर सुमसुम्याउने, एकोहोरो घुरेर हेर्ने, संवेदनशील अङ्गमा छुने वा छुन खोज्ने, अश्लील शब्द प्रयोग गरी छेडछाड गर्ने, कसैको शरीरका बारेमा अनावश्यक चर्चा गर्ने, प्रताडित गर्ने, सामाजिक सञ्जाल मार्फत यौनजन्य सन्देश/चित्र पठाउने वा संवाद गर्ने तथा बलात्कार सम्मका कार्यहरुलाई यौनजन्य हिंसा तथा दुर्व्यवहार भनिन्छ । सम्बन्धित सबै प्रकारका अनिश्चित व्यवहारहरु यौनजन्य हिंसा वा दुर्व्यवहार, अन्तर्गत पर्दछन् ।
६) प्रविधिमा आधारित हिंसा :
प्रविधिमा आधारित हिंसा भन्नाले इन्टरनेट, मोबाइल फोन, सामाजिक सञ्जाल वा अन्य डिजिटल प्रविधिहरुको प्रयोगबाट गरिने, अनलाइन दुर्व्यवहार, सहमति बिना निजी तस्वीर वा भिडियोहरु सार्वजनिक गर्नु, व्यक्तिगत विवरणहरु सार्वजनिक गर्नु, अनलाइन अपमान, दुर्व्यवहार, नक्कली पहिचान, घृणात्मक टिप्पणी र डिजिटल माध्यमबाट धम्की दिनु आदि ।
मेचीनगर नगरपालिका महिला बालबालिका ज्येष्ठ नागरिक तथा समाज कल्याण शाखा